म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७७ मंगलबार २४ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 7 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं**

☞ जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं।
☞ व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
☞ यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा नि:शुल्क रुपमा दर्ता गर्न सकिन्छ।
☞ विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब लाइसेन्स ट्रायल पास गर्न सहज

# फागुन १ गतेबाट बागमतीमा ७० अंक प्रणाली लागू हुने

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/
फागुन १ गतेबाट बागमती प्रदेशमा ७० अंक ल्याए सवारी चालक अनुमतिपत्र लाइसेन्सको ट्रायल पास हुने प्रणाली लागू हुने भएको छ ।

यसअघि पटक-पटक रोकिँदै आएको ७० अंक ल्याए सवारी चालक अनुमतिपत्र लाइसेन्सको ट्रायल पास हुने प्रणाली फागुन १ गतेबाट लागू हुने भएको हो । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले प्रदेशमा सो प्रणाली लागू गर्नको लागि श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई अख्तियारी दिइसकेका छन् । उनले फागुन १ गतेबाट प्रदेशको उपत्यकाको जिल्लाहरुबाट ७० अंक ल्याए सवारी चालक अनुमतिपत्र लाइसेन्सको ट्रायल पास हुने प्रणाली लागू गर्न यातायात मन्त्रालयलाई निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका मुख्य सचिव मुकुन्दप्रसाद निरौलाले यातायात मन्त्रालयलाई मुख्यमन्त्रीले निर्देशन दिइसकेकाले फागुन १ गतेबाट सो अंक प्रणाली लागू हुने बताए । 'यसअघि ट्रायल सेन्टरका सञ्चालकहरुले नै अहिले हामि सक्दैनौं भनेको भएर रोकिएको थियो । अहिले उहाँहरुले नै सक्छौं भन्नु भएपछि हामिले यसलाई लागू गर्ने तयारी गरेका छौँ', उनले भने । यसअघिको सरकारको श्रम, रोजगार तथा यातायात मन्त्री घनश्याम दाहालले लागू गर्न खोजे पनि मुख्यमन्त्री राजेन्द्र पाण्डेले हस्तक्षेप गर्दा लागू हुन सकेको थिएन । उनले ३ पटकसम्म उक्त प्रणाली लागू गर्ने तयारी गरेका थिए ।

तत्कालीन मुख्यमन्त्री पाण्डेको हस्तक्षेपका कारण ३ पटक रोकिएको ७० अंक ल्याए ट्रायल पास हुने प्रणालीलाई वर्तमान मुख्यमन्त्रीले कार्यान्वयनतर्फ लैजाने भएका छन् । बागमती प्रदेशको नवनियुक्त श्रम, रोजगार तथा यातायातमन्त्री एकालाल श्रेष्ठले ७० अंक ल्याए लाइसेन्स पास हुने प्रणाली कार्यान्वयन गर्ने बताए । अन्य प्रदेशहरुमा लागू भइसकेको प्रणाली बागमती प्रदेशमा मात्रै रोक्न नहुने भन्दै मन्त्री श्रेष्ठले फागुन १ गतेबाट बागमती प्रदेशमा पनि उक्त प्रणाली लागू गरिने बताए ।



सानो त्रुटिमा पनि फेल गराउँदा लाइसेन्स वितरणमा ढिलाई हुनुको साथै चालकहरुले अवैधानिक रुपमा लाइसेन्स निकाल्ने प्रकरण बढेको उनको भनाइ छ । 'सानोतिनो गल्ति भनेको चलाउँदै जाँदा सिक्दै जान्छन्', उनले भने- 'सानो गलितमा पनि ट्रायल फेल गर्दा झन् बढी समस्या भएको छ । अरु प्रदेशमा लागू भइसकेको यो प्रणाली बागमती प्रदेशमा पनि अब रोकिँदैन ।' उनले अघिल्लो सरकारले किन रोक्यो भन्ने विषयमा आफूले जवाफ नदिने भन्दै कुनैपनि हालतमा सो प्रणाली लागू गर्ने दाबी गरे ।

यसअघि एक महिनाअघि पुस २० गते बुधबारबाट यो प्रणाली लागू गर्ने तयारी थियो । तर, प्रदेशको तत्कालीन मुख्यमन्त्री पाण्डेले तेस्रोपटक उक्त प्रणाली कार्यान्वयन हुनबाट रोकेका थिए । बागमती प्रदेशको सरकारका तत्कालीन श्रम, रोजगार तथा यातायातमन्त्री दाहालले ट्रायल सेन्टर सञ्चालन गरिरहेका यातायात कार्यालय प्रमुखहरू पुस २० गते बुधबारबाट ७० प्रतिशत प्रणाली लागू गर्न सहमत भएकोमा मुख्यमन्त्री कार्यालयको हस्तक्षेपका कारण लागू हुँदाहुँदै फेरि रोकिएको बताएका थिए ।

गत पुस २० गतेबाट लागू हुने तयारीमा रहेको ७० अंक ल्याए ट्रायल पास हुने प्रणाली कार्यान्वयन नगर्न मुख्यमन्त्री कार्यालयले यातायात मन्त्रालयलाई पत्राचार गरेर रोक लगाएको थियो । यसअघि असोज २ गते र मंसिर १८ गतेबाट उक्त प्रणाली लागू गर्ने भनिएपछि मुख्यमन्त्री पाण्डेकै निर्देशनमा रोकिएको थियो । नेपालका ४ वटा प्रदेशमा लागू भइसकेको प्रणाली बागमतीमा मात्रै पटक-पटक हस्तक्षेप गरेर पाण्डेले रोकेको आरोप छ । मन्त्री दाहालले मुख्यमन्त्रीसँगको सल्लाहमा नै शुरुवातमा उक्त प्रणाली कार्यान्वयन गर्न खोजिएको भन्दै उक्त बेला हुन्छ भनेर सहमति दिएका पाण्डेले पछि पटक-पटक सो प्रणाली लागू गर्न रोकेका थिए ।

यातायात व्यवस्था विभागले २०७८ सालमै उक्त कार्यविधि तयार पारेर प्रदेशलाई पठाए पनि लागू गरिएको थिएन । यो प्रणाली लागू भए प्रयोगात्मक परीक्षामा सहभागी हुनेले सामान्य गल्ती गरेमा अनुत्तीर्ण हुने समस्या हल हुने यातायात मन्त्रालयको दाबी छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रणालीका विषयमा अध्ययन गर्ने भन्दै प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिवको संयोजनमा समिति गठन गरी तत्कालका लागि प्रणाली लागू नगर्न भन्दै निर्देशन दिएको थियो । प्रणाली लागू गर्ने विषयमा तत्कालीन मुख्यमन्त्री पाण्डे र मन्त्री दाहालबीच विगत केही महिनादेखि मनमुटाव चलेको थियो ।

उक्त प्रणाली लागू भए मोटरसाइकल, स्कुटर तथा मोपेडका लागि कूल अंकभार १ सय तोकिएको छ । त्यसमा ७० अंक प्राप्त गर्ने प्रशिक्षार्थी अनुमतिपत्रका लागि योग्य मानिने छन् । प्रदेश सरकारले तयार पारेको निर्देशिकाअनुसार मोटर साइकल, स्कुटर र मोपेड चालकका लागि घुमाउरो ८ (एट आकार) को अंकभार २० तोकिएको छ । दुईपटकसम्म अंकित रेखा छोएमा प्रत्येक पटक ५ अंकको दरले १० अंकभार घट्नेछ तर ट्रायल फेल भइँदैन । दुई पटकभन्दा बढी उक्त रेखा छोएमा, सवारीको टायर अंकित रेखाभन्दा बाहिर गएमा, एक पटकभन्दा धेरैपटक खुट्टाले भुईं टेके, ठीक दिशाबाट वा ठीक तरिकाबाट ८ आकार नबनाए वा सवारीको स्टार्ट बन्द भएको अवस्थामा भने अनुत्तीर्ण भएको घोषणा गरिने व्यवस्था गरिएको छ । साँघुरो फलेकको अंकभार १० तोकिएको छ ।

साँघुरो फलेकमा खुट्टाले भुईंमा टेकेमा, फलेकको लम्बाइ पार गर्नुअगावै फलेकबाहिर निस्के पनि अनुत्तीर्ण हुनेछन् । निर्देशिकामा यु-टर्नको अंकभार १० तोकिएको छ । टर्निङ लाइट नबालेको खण्डमा १० अंक घटाइनेछ । त्यस्तो अवस्थामा पनि अंकित रेखा छोए भने अनुत्तीर्ण हुनेछन् । ट्राफिक संकेतका लागि १५ अंकभार तोकिएको छ । ट्राफिक संकेत पालना नगरेको खण्डमा १५ अंक घटाइनेछ । निर्देशिकामा उबडखाबडको अंकभार १५ तोकिएको छ ।

एक पटकसम्म सवारीको स्टार्ट बन्द भएको खण्डमा ५ अंकभार घटाइनेछ । एक पटकभन्दा बढी स्टार्ट बन्द भयो भने प्रयोगात्मक परीक्षा दिने अनुत्तीर्ण हुनेछन् । त्यसैगरी उकालो (र्‍याप) को अंकभार २० तोकिएको छ । त्यसैगरी परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कनलाई १० अंकभार तोकिएको छ । कार, जीप, डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षाको कूल अंकभार १ सय तोकिएको छ । जसमा ७० प्रतिशत ल्याएको खण्डमा प्रशिक्षार्थी उत्तीर्ण भएको मानिनेछ । निर्देशिकाअनुसार कार, जीप, डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षामा घुमाउरो ८ (एट) को अंकभार २० तोकिएको छ । दुई पटकसम्म अंकित रेखा छोए प्रत्येक पटक ५ अंकको दरले १० अंकभार घट्नेछ तर ट्रायल फेल भइँदैन ।

दुई पटकभन्दा बढी अंकित रेखा छोए, सवारीको टायर अंकित रेखाभन्दा बाहिर गए, ठीक दिशाबाट वा ठीक तरिकाबाट ८ आकार नबनाएकोमा वा सवारीको स्टार्ट बन्द भएको अवस्थामा भने अनुत्तीर्ण हुने व्यवस्था गरिएको छ । निर्देशिकामा ट्राफिक संकेतको अंकभार १५ तोकिएको छ । पालना नगरे १५ अंक घट्ने प्रावधान राखिएको छ । त्यसैगरी यु-टर्नको अंकभार १० तोकिएको छ । टर्निङ इन्डिकेटर लाइट नबालेको खण्डमा १० अंकभार घटाइनेछ । अंकित रेखा छोएको खण्डमा भने प्रशिक्षार्थी अनुत्तीर्ण हुनेछन् । चारपांग्रे सवारी चालकलाई र्‍याम (उकालो)का लागि अंकभार १५ तोकिएको छ । तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी अगाडि बढेमा, रोकिएको अवस्थामा सवारीसाधन अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ ईन्चभन्दा पछाडि सरेमा, उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको सीमा नाघी सवारी रोकेमा वा एक पटकभन्दा धेरै सवारी स्टार्ट बन्द भएमा अनुत्तीर्ण हुनेछ । ग्यारेज पार्किङको अंकभार १० तोकिएको छ । त्यसैगरी परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कनलाई १० अंकभार तोकिएको छ ।

# १० करोडको कारोवार गर्दै सकियो हेटौंडा महोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/
मकवानपुर उद्योग वाणिज्य संघको मुख्य आयोजनामा हेटौंडा-१० टीसीएन चौरमा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव सोमबारबाट सकिएको छ ।

माघ ११ गतेबाट सुरु भएको महोत्वसव सोमबारबाट सकिएको हो । महोत्सवमा १० करोडको कारोबार भएको संघका कोषाध्यक्ष सन्तोषकुमार अर्यालले जानकारी दिए । महोत्सव अवधिभर करिब एक लाख दर्शकहरुले महोत्सवको अवलोकन गरेको अर्यालको भनाइ छ । महोत्सवका संयोजक एवम् संघका अध्यक्ष कृष्णकुमार गुप्ताको सभाध्यक्षता तथा बागमती प्रदेश सभाका सभामुख भुवनकुमार पाठकको प्रमुख आतिथ्यतामा सोमबार महोत्सवको समापन गरिएको थियो ।

समापन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अरुणराज सुमार्गीले मकवानपुर जिल्लाको व्यापार प्रबर्द्धनमा राष्ट्रिय औद्योगिक व्यापार महोत्सव सफल भएको बताए । उनले बेला बेलामा हुने यस्तो महोत्सवले बजारमा नयाँ बस्तु तथा सेवाको प्रबर्द्धनमा ठूलो टेवा पूग्ने बताए ।

संघका पूर्वअध्यक्ष केशव श्रेष्ठ, भुवनलाल श्रेष्ठ, उत्तम शर्मा ढकाल, निर्वतमान अध्यक्ष कृष्ण कटुवालले संघले हरेक कार्यकालमा एउटा मेला आयोजना गरेर व्यापारी तथा उद्योगीहरुलाई आआफ्नो बस्तु तथा सेवाको प्रबर्द्धन गर्ने उचित थलो उपलब्ध गराउँदै आएको बताए ।

मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिनले महोत्सवमा जिल्लाका



स्थानीय क्षेत्रमा उत्पादित बस्तुहरुको उचित प्रबर्द्धन भएकोमा खुशि व्यक्त गरिन् । उनले बजारमा पाउने तयारी सामानको बजारीकरण त सधैं हुँदै आएको छ तर, गाउँमा उत्पादन भएको अर्गानिक बस्तुको उचित प्रबर्द्धन हुन पाएको छैन । गाउँमा उत्पादन भएको रैथाने बस्तुको प्रबर्द्धनमा मेला सफल भएको उनको ठम्याई छ ।

हेटौंडा उपमहानगर पालिका प्रवक्ता एवम् १ नं. वडा अध्यक्ष सविन न्यौपानेले हेटौंडामा महोत्सव आयोजना गर्न धेरै संस्थाले अनुरोध गरेपछि उद्योगी व्यवसायीको छाता संस्था मउवा संघलाई महोत्सव गर्ने अनुमति प्रदान गरिएको भन्दै महोत्सवले उद्देश्य हासिल गरेकोमा खुशी व्यक्त गरे ।

महोत्सवले व्यापार प्रबर्द्धन, पर्यटन प्रबर्द्धन, स्थानीय कलाकारहरुको कला प्रष्फुटन तथा राष्ट्रिय कलाकारहरुबाट भरपुर मनोरञ्जनका साथै कृषि उत्पादनको बजारीकरणमा सघाएको बताए । हेटौंडा उपमहानगरको पर्यटन र व्यापार प्रबर्द्धनमा महोत्सव सफल भएको भन्दै उनले आगामी दिनमा निजी क्षेत्रसंग सहकार्य गरेर अगाडि बढ्न स्थानीय सरकार तयार रहेको बताए ।

कार्यक्रममा हेटौंडा ११ नम्बर वडा अध्यक्ष जुना दाहालले महोत्सवमा महिलाद्वारा उत्पादित हस्तकलाको उचित प्रबर्द्धन भएकोमा खुशी व्यक्त गरिन् । कार्यक्रममा हेटौंडा ७ नम्बर वडाध्यक्ष दामोदर गौतम, १० नम्बर वडा अध्यक्ष फुर्वादोर्जे लामा, १५ नम्बर वडा अध्यक्ष सुनिल मोक्तान, संघका सल्लाहकारहरु तथा विभिन्न संघ संस्थाहरुका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्यता रहेको थियो ।

समापन कार्यक्रममा महोत्सवका प्रायोजक, सहप्रायोजक, सहयोगी हातहरु सम्पूर्ण संघसंस्थाहरुलाई कदरपत्र प्रदान गरिएको थियो । सोमबार युवा पुस्तामा चर्चित रहेकी गायिका रचना रिमालले आफ्नो सांगीतिक प्रस्तुति दिएकी थिइन् । गायक तथा संगीतकार चेतन सापकोटाले पनि आफ्नो सांगीतिक प्रस्तुति दिँदै दर्शक नचाएका थिए ।

# एक हजार ४ सय ६२ पिन्ट रगत संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/
हेटौंडामा ६ महिनाको अवधिमा एक हजार चारसय ६२ पिन्ट रगत संकलन भएको छ ।

रक्तसञ्चार केन्द्र हेटौंडाले ६ महिनाको अवधिमा एक हजार ४ सय ६२ पिन्ट रगत संकलन गरेको हो । रक्तसञ्चार केन्द्र हेटौंडाले संकलन गरेको रगत हेटौंडामै रहेका स्वास्थ्य संस्थामा उपचार गराउने विरामी र छिमेकी जिल्ला चितवनमा रहेका अस्पतालमा उपचार गराउने विरामीका लागि उपयोग हुने गरेको छ ।

रक्तसञ्चार केन्द्रका अनुसार विभिन्न संघसंस्थाको आयोजनामा हुने रक्तदान कार्यक्रम र रक्तसञ्चार केन्द्रमै आएर रक्तदान गर्ने व्यक्ति गरी कूल एकहजार चार सय ६२ पिन्ट रगत संकलन भएको



फाइल फोटो

जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्षको साउन महिनादेखि पुस मसान्तसम्ममा ४३ पटक रक्तदान कार्यक्रम विभिन्न संघ, संस्थाले आयोजना गरेका छन् । उनले ६ महिनाको अवधिमा जेसीआई बस्तीपुर हाँडीखोलाले आयोजना गरेको कार्यक्रममा सबैभन्दा बढी ५५ जनाले रक्तदान गरेको बताए ।

रगतको अभाव भएका बेला रक्तसञ्चार केन्द्रमै बोलाएर पनि रगत संकलन गर्ने गरिएको छ । कतिपय रक्तदाता आफ्नो अनुकुलमा रक्तसञ्चार केन्द्रमै पुगेर रक्तदान गर्ने गरेका छन् ।

रक्तसञ्चार केन्द्रमै पुगेर रक्तदान गर्नेको संख्यामा भने दुई सय १५ रहेको उनको भनाइ छ ।

# हटियामा लेखा ब्यवस्थापन तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/
सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरको आयोजना र हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा ३ दिने लेखा ब्यवस्थापन तालिम सोमबारदेखि हटियामा सुरु भएको छ ।

तालिमको उद्घाटन गर्दै हेटौंडा-१७ का वडा अध्यक्ष उद्धव सत्यालले आर्थिक पारदर्शिता नै समूहको सम्पति भएकाले समूहको संस्थागत विकासको लागि तालिम उपयोगी हुने बताए । उहाँले वडा कार्यालय वडाभित्र रहेका सबै सामुदायिक वन समूहलाई सक्षम बनाउन लागि परेको बताए । सामुदायिक वन समूहलाई समूहको लेखा ब्यवस्थित, पारदर्शी र समूहमा सुशासन स्थापित गराउने उद्देश्यका साथ तालिमको आयोजना गरिएको हो ।

तालिममा वंशगोपाल माविका प्राचार्य रमेशप्रसाद लामिछाने, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी र रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले सहजीकरण गरेका थिए ।

सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, वन समूहका पदाधिकारी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो । सव डिभिजन वन कार्यालय, हर्नामाडीअन्तर्गत् रहेका विभिन्न सामुदायिक वनका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा संयोजक र उपभोक्ताहरुसमेत गरी तालिममा ३५ जनाको सहभागिता रहेको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सुरक्षित इन्टरनेट प्रयोग नै समाज विकासको सूचक

आज सन् २०२३ फेब्रुअरी ७ तारिख अर्थात् सुरक्षित इन्टरनेट दिवस । यो दिवसको २० औँ संस्करण मनाइँदै आज छ । यसवर्षको यो दिवसको नारा 'जीवनका बारेमा कुरा गर्न र भावनाहरु अभिव्यक्त गर्न इन्टरनेटमा ठाँउ बनाऊँ' भन्ने हो । बालबालिका तथा युवा वर्गका लागि डिजिटल प्रविधिको सुरक्षित तथा सकारात्मक प्रयोगको प्रवर्द्धन गर्न तथा यससम्बन्धी राष्ट्रिय संवादलाई उत्प्रेरित गर्न प्रत्येक वर्ष विश्वव्यापी रूपमा 'सुरक्षित इन्टरनेट दिवस' मनाइन्छ । आज विश्वका १७० भन्दा बढी राष्ट्रहरुमा यो दिवस मनाउने गरिन्छ । तीमध्ये युरोपमा यसको महत्व अलि बढी दिइन्छ । नेपालमा सन् २०१९ देखि चाइल्डसेफनेटले सुरक्षित इन्टरनेट दिवसको आयोजना र प्रवर्द्धन गर्दै आएको छ ।

सूचना तथा सञ्चार प्रविधि क्षेत्रको तीव्र प्रगतिसँगसँगै यस क्रान्तिले आफ्नो साथमा असंख्य नकारात्मक तथा डरलाग्दा प्रभावहरूलाई पनि अस्तित्वमा ल्याइरहेको छ । डिजिटल प्रविधिको अधिकतम् प्रयोग गर्नेहरूमा बालबालिका तथा युवाहरू पनि रहेका छन् । डिजिटल प्रविधिको असुरक्षित प्रयोगले उनीहरूलाई अनलाइन यौन दुर्व्यवहार एवम् शोषण, साइबर बुलिङ्ग, फिसिङ्ग तथा सेक्स्टोर्सन जस्ता गम्भीर जोखिमहरूप्रति संवेदनशील बनाउँछ । यस्ता जोखिमहरूले बालबालिकाको मानसिक एवम् बौद्धिक विकासलाई प्रभावित बनाउनुका साथै उनीहरूलाई हतोत्साहित बनाउने एवम् उनीहरूको आत्मसम्मानमा ह्रास ल्याउने सम्भावना हुन्छ । बालबालिका, युवा वर्ग, अभिभावकहरू, शिक्षकहरू तथा सरकारले साइबर सुरक्षालाई गम्भीरतापूर्वक लिन इन्टरनेटलाई सुरक्षित स्थान बनाउनका लागि आ-आफ्ना उत्तर दायित्वहरू निर्वाह गर्न आवश्यक छ ।

सुरक्षित इन्टरनेट दिवसले साइबर बुलिङ, सामाजिक सञ्जालदेखि डिजिटल पहिचानसम्म तथा उदीयमान अनलाइन मुद्दाहरू र वर्तमान सरोकारहरूका बारेमा सचेतना जगाउन सक्नु पर्दछ । सूचना प्रविधिको युगलाई अझ बलियो र भरपर्दो बनाउँदै अझै फड्को मार्नको लागि सर्वप्रथम इन्टरनेट प्रयोगकर्ता सबै सुरक्षित हुनु जरुरी छ । इन्टरनेट प्रयोगकर्तालाई सुरक्षित तरिकाले इन्टरनेट प्रयोग गर्ने चेतना दिनुका साथै अरूलाई पनि सुरक्षित राख्ने प्रतिबद्धता आजको दिनमा गर्नै पर्ने हुन्छ । पछिल्लो समय सामाजिक सञ्जालको गलत प्रयोग बढ्दै जाँदा नेपाली समाजमा धेरै घटनाहरु भइरहेका छन् । परिवारमा बिग्रह आइरहेको छ । इन्टरनेटको सदुपयोग गर्न सकेको खण्डमा यसले व्यक्ति, परिवार र परिवारहुँदै देशकै विकासमा ठूलो योगदान दिन सक्छ । तर, दुरुपयोग हुँदा ती सबै क्षेत्रमा भद्रगोलको अवस्था सिर्जना गरेको छ । त्यसैले सुरक्षित इन्टरनेट प्रयोग गर्दै समाजमा सकारात्मक परिवर्तन गर्नेतर्फ हामी सबैको ध्यान जानु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २५ गते बुधबार ८ फेब्रुअरी २०२३ । तृतीया फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४९, सूर्यास्त ५:४८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **तुला** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **वृष** | : उपचारमा खर्च हुनेछ | **वृश्चिक** | : व्यावसायिक यात्राको सम्भावना छ |
| **मिथुन** | : लेनदेनमा विवाद हुनेछ | **धनु** | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| **कर्कट** | : धार्मिक कार्यले फाइदा हुनेछ | **मकर** | : आम्दानी राम्रो हुनेछ |
| **सिंह** | : मन खिन्न बनाउन सक्छ | **कुम्भ** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **कन्या** | : दिन उत्साहपूर्ण बन्नेछ | **मीन** | : प्रेमको बन्धन कसिन सक्नेछ |

# बजारसँग लय नमिलेको कृषि उत्पादन प्रणाली



जीवनाथ शर्मा

रैथाने बालीको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक छ भन्नेमा कोही विमति राख्दैन होला, तर गर्ने कसरी ? उपभोक्तामा यसको उपभोग गर्ने बानी विकास गरेर ? सायद यो एउटा उपयुक्त तरिका हुनसक्छ ।

विश्व भोकमरी सूचकांक सार्वजनिक गर्ने कार्यक्रममा मञ्चमा आमन्त्रित स्वदेशी र विदेशी अतिथिले आफ्नो कार्यालय र घरमा हप्ताको तीन दिन कोदाको खाना खाने प्रतिबद्धता व्यक्त गरे । लगत्तै दर्शकदीर्घाबाट परर्र ताली बज्यो । झट्ट सुन्दा तरिका राम्रै लाग्छ, तर यसलाई सूक्ष्म हिसाबले विश्लेषण गर्ने हो भने चित्र फरक देखिन्छ ।

उत्पादन छ, बजार छैन भने यो तरिका राम्रै हुनसक्छ । किनकि छिमेकमा उत्पादन भएको वस्तु समेत नजिकैको उपभोक्ताले बजार को संलग्नता विना पाउन सक्ने अवस्था छैन, यो अहिलेको यथार्थ हो । अनि उपभोक्ताको मागले नै उत्पादकले के उत्पादन गर्ने भन्ने निर्णय गर्दछ । उत्पादन केन्द्रीकृत र वितरण विकेन्द्रीकृत हुँदै गएको विश्व बजार प्रणालीमा कोही महत्वपूर्ण निर्णायक हो भने त्यो उपभोक्ता नै हो । उपभोक्ता तयार गरेर माग वृद्धि गराउनु ठिकै हो ।

तर यो नियम सधैं एकै रूपले लागू हुनुपर्छ भन्ने केही छैन । उपभोक्ताको माग छ, तर उत्पादकको क्षमता माग धान्ने गरी छैन भने त्यस्तो नहुन पनि सक्छ । उदाहरणका लागि उल्लिखित कोदोको कुरा गरौं । समस्या कहाँ हो, उत्पादनको बजार नभएर अर्थात् उपभोक्ता नभएर वा उत्पादनको उपलब्धता नभएर ?

सन् २०१९ को तथ्याङ्क हेर्ने हो भने १८ करोड रुपैयाँ भन्दा बढीको कोदो मात्र आयात भएको देखिन्छ भने निर्यात भएको देखिंदैन । उत्पादनभन्दा माग बढी भएर नै आयात भएको हो । त्यसैगरी शहरका होटल, रेस्टुरेन्टमा हेर्ने हो भने ग्राहक तान्नका लागि ढिंडोलाई मुख्य परिकारको रूपमा गर्वसाथ राखिएको भेटिन्छ । त्यहाँ फापर र कोदोको नपाएर मकै वा गहुँको ढिंडोमा चित्त बुझाउनुपर्छ । अन्य खाना भन्दा ढिंडोको मूल्य १५ देखि ३० प्रतिशत बढी राखिएको हुन्छ । तैपनि आकर्षण त्यत्तिकै छ, तर खोजे झैं उपलब्ध हुनसकेको छैन । दुई दशक अघिसम्म एक पाथी मोटा चामलले दुई पाथी कोदाको पीठो साट्न पाइन्थ्यो । आजकल बजारमा एक किलो पीठोको मूल्यमा तीन किलोसम्म मोटा चामल आउँछ । दुई दशक अगाडि ढिंडो खाएको बताउन नचाहने आज कोदोको परिकार खान पाउँदा गर्व गर्छ ।

हाम्रा रैथाने बालीमा समस्या मागमा होइन उत्पादनमा छ भन्नलाई यो तथ्य नै काफी छ । उत्पादन घट्दैछ भने माग गुजाराबाट पर बजार आकर्षणमा बदलिएको छ । जुन वस्तु र सेवा बजारमा सहजै बिक्री हुन्छ, त्यसको उत्पादन बढ्दै जाने र लोप हुने चिन्ता नहुनुपर्ने हो तर रैथाने बालीको हकमा किन त्यस्तो भइरहेको छैन त ? यसको प्रमुख कारण भनेको उत्पादकत्व कम र उत्पादन लागत बढी हुनु हो ।

अब यहाँनेर नीतिनिर्माण तथा कार्यक्रम बजेटको निर्णय तहमा पुगेका व्यक्तिहरू माथि उल्लेख गरिए झैं माग बढाउनमा जोड दिने कि उत्पादकत्व बढाउने र उत्पादनको लागत घटाउनतिर लाग्ने ? होला, उत्पादन बढ्दै गएर उत्पादनले बजार पाउन नसकेको अवस्थामा माग पक्षमा ध्यान दिनुपर्ला तर तथ्य त माग अनुसारको उत्पादन नभएको भन्छ ।

उत्पादकत्व कम भएकैले उत्पादन छैन । उत्पादकत्व कम हुनुका धेरै कारणलाई छाडेर यो आलेख भने कृषि उपजको बजारीकरणमा भएका समस्यामा केन्द्रित छ । हाल नेपालको समस्या मागमा होइन उत्पादन र वितरण प्रणालीमा छ । हालसालै बजार मूल्य नपाएर चितवनका सडकमा कृषि उपज फालेर गरेको प्रतीकात्मक आन्दोलन पनि यसैसँग सम्बन्धित छ । समस्या देशभित्रको उत्पादन र वितरणमा हो भन्दै गर्दा उत्पादनले बजार नपाएर किन सडकमा फाल्ने अवस्था आयो त भन्ने प्रश्न उब्जन्छ नै । यहाँनेर भुल्न नहुने तथ्य के हो भने पछिल्लो ६ महिनामा औपचारिक माध्यमबाट तरकारी मात्र सवा दश अर्बको आयात भएको देखिन्छ । माग नभएको भए यति धेरै आयात किन भयो त ? नेपाली समाजको संरचनामा पछिल्लो दुई दशकमा जुन हिसाबले परिवर्तन भएको छ, इतिहासमा यति छिटो कहिल्यै भएको थिएन । उत्पादक घरपरिवारहरू तीव्र रूपले उपभोक्तामा परिणत भएका छन् । सयौं वर्ष लागेर निर्मित र वर्षौंसम्म निरन्तर निर्वाहमुखी कृषि प्रणाली तीव्र रूपमा विग्रह उन्मुख छ ।

उत्पादकहरू कृषि छाडेर गैरकृषि पेशामा लागेका छन् या त बजारमुखी उत्पादनतिर लागेका छन् । सँगसँगै पारिवारिक र समाजको संरचना र चरित्र बदलिएको छ । ग्रामीण उत्पादक परिवारमा समेत पहिले जस्तो आफ्नो खेतबारीमा जे फल्यो त्यो खाएर निर्वाह गर्ने चलन हटेर आफूले उत्पादन गर्न नसकेको वस्तु किनेर खाने बानीको विकास भएको छ । दुई दशक अगाडिसम्म किनेर खान लाज मान्ने परिवार आजकल विनासंकोच किनेर खान्छ । वस्तु र सेवाको विनिमय पहिले स्थानीयस्तरमा सीमित हुन्थ्यो । यसले पैसाको उपयोग कम हुन्थ्यो, तर यो विनिमय विश्वव्यापी बजारको हातमा गइसकेको छ । यसले पैसाको संलग्नता विना विनिमय असम्भव जस्तो बनाइसकेको छ । अनि आफ्नो उत्पादन या सेवा बेच्नु र नभएको किन्नु सामान्य बनिसक्यो ।

समाजको चरित्रमा आएको यो परिवर्तनले उपभोग्य वस्तुको माग कहिल्यै नघट्ने गरी बढेको बढ्यै छ । तर देशभित्रको उत्पादन निरन्तर ओरालो लागेको छ । पछिल्लो अनुमान अनुसार पहिले खेती गरिँदै आएको ३० देखि ३५ प्रतिशत जमिन अहिले बाँझो छ । साथै पहिले उत्पादनमा आत्मनिर्भर ग्रामीण बस्तीहरूमा बसाइँसराइले जनसंख्या आधै घट्दा समेत खाद्य वस्तु बजारबाट आयात गर्नु परेको तथ्यले उत्पादन ओरालो लागेको भन्ने तर्कलाई पुष्टि गर्छ । बजारमा बढेको माग त कुरै नगरौं ।

पछिल्लो जनगणना भन्छ- ६६.०३ प्रतिशत जनसंख्या बजारमा बस्छ जबकि १० वर्ष अगाडिको शहरी जनसंख्या १८ प्रतिशतको हाराहारी मात्र थियो । गाउँ र शहरको परिभाषामै अलमल रहेकोले यो तथ्याङ्कले वास्तविक शहरीकरणको चित्र त बोल्दैन, तर शहरीकरणको दर अनुमान गर्न भने मद्दत गर्छ । सामान्यतया शहरीकरणको दर सँगै गैरकृषिकरणमार्फत उत्पादक उपभोक्तामा परिणत हुँदै जाने हुन्छ ।

निरन्तर बढ्दो गैरकृषिकरणका कारण उत्पादकको संख्या निरन्तर घट्दै गएको, किनेर खाने उपभोक्ता बढ्दै गएको तथा उपभोक्ताको क्रयशक्ति र खाद्य व्यवहार परिवर्तन हुँदै गएको सन्दर्भमा बजारमा कृषि उत्पादनको माग अझै बढिरहेछ । अहिले नै कालीमाटीमा व्यापार हुने फलफूल तथा तरकारीमा ४० प्रतिशत हिस्सा आयातको छ भनिन्छ । यस्तो अवस्थामा स्थानीय उत्पादनको माग वा बजार भएन भन्नु युक्तिसंगत होइन । बरु स्थानीय उत्पादनको उत्पादन लागत धेरै भएर प्रतिस्पर्धा गर्न सकिएन, उत्पादन लागत घटाउनु पर्‍यो भन्नु उपयुक्त हो र समाधान पनि यही वरपर खोजिनुपर्छ ।

नेपालको उद्योग क्षेत्रले योगदान गर्ने कुल गार्हस्थ्य उत्पादनको ८० प्रतिशत भन्दा बढी साना तथा मझौला उद्योगहरूले योगदान गर्छन् । अनि ती साना तथा मझौला उद्योग प्राय:जसो कृषि उत्पादनमा आधारित छन् । यी उद्योगहरू खुला बजारका कारण निरन्तर दबावमा छन्, फलस्वरूप देशको अर्थतन्त्रमा विप्रेषण र सेवा क्षेत्रको योगदान निरन्तर बढिर हँदा कृषि र उद्योग क्षेत्रको घट्दै गइरहेको छ ।

समस्या अझै बजार मागको होइन, प्रतिस्पर्धी मूल्यमा उत्पादन बजारमा ल्याउन नसक्नु हो । प्रतिस्पर्धी हुनका लागि राज्यस्तरको पहल जरूरी छ किनकि किसानको सानो र असंठित प्रयासले अन्तर्राष्ट्रिय स्तरबाट सिर्जित समस्यासँग जुध्न र हल गर्न सक्दैन । नजिकैको छिमेकी मुलुकका किसान राज्यबाट संरक्षित खेती गरिरहेका छन् । राज्यले उत्पादन लागतमा ठूलो अनुदान दिँदै आएको छ साथै किसानहरू ठूलो क्षेत्रमा मेसिनको प्रयोग गरी खेती गर्ने स्तर मा पुगेका छन् ।

यस्तो तथ्यलाई बिर्सेर यहाँ भने कृषि उपजको आयात रोक्ने जस्तो बेतुकको कुरा गरिँदैछ । विश्व व्यापार संगठनको सदस्य भएपछि आयात रोक्ने या कृषिजन्य उत्पादनको आयातमा कर लगाएर स्थानीय उत्पादनको संरक्षण गर्न मिल्छ कि मिल्दैन ? विश्व व्यापार संगठनका शर्तहरू खाद्य वस्तुको मूल्य बढेर खाद्य असुरक्षाको अवस्था नआओस् भन्नेतर्फ सजग छ ।

त्यसैले उत्पादन लागतमा सहयोग मार्फत उत्पादनको मूल्य कम गराउन बढी जोड दिन्छ । विश्व व्यापार संगठनको सदस्य हुनुको अर्थ खुला व्यापार व्यवसाय स्वीकार गर्नु हो । यसले उद्योग व्यवसायलाई राजनैतिक, भौगोलिक सीमा नमानी क्षमता अनुसार विश्वभर विस्तार गर्ने दायरा प्रदान गर्छ । सम्झौतामा कृषि उत्पादन र वितरण सम्बन्धी तीन महत्वपूर्ण शर्त राखिएको छ, जसअनुसार कृषिजन्य उत्पादनको आयातमा लगाइने कर हटाई व्यापार सहज र खुला गर्नेह उत्पादनको बिक्रीमा दिने छूट तथा अनुदान घटाउने र उत्पादन लागत घटाउन उत्पादन सामग्री र प्रविधिमा सहुलियत दिने व्यवस्था गर्ने भन्ने छ ।

यी माथिका शर्त अनुसार भरतपुरको मेयरले कृषि मन्त्रीलाई आग्रह गरे अनुसार न त विदेशबाट आयात हुने कृषि वस्तुमा रोक लगाउन मिल्छ न त तोकिएको विशिष्ट अवस्था बाहेक कृषिजन्य वस्तुको आयातमा कर लगाएर आयातित वस्तुको मूल्य बढाउन नै ।

साधारणतया कर लगाउन मिल्ने वस्तुमा समेत खुला बजारमा संगठित तथा ठूला उद्योग र व्यवसायहरूले साना उद्यम र उद्यमीलाई बाधा पुर्‍याएकै हुन्छन् । ठूला सुपरमार्केटले साना व्यवसायी धरासायी बनाएको, ठूला उत्पादकले साना उत्पादकलाई बिल्लीबाठ बनाएको र ठूला उद्योगले साना उद्योगलाई बन्द गराएका उदाहरण त हाम्रा वरिपरि नै छन् । हाम्रा पुराना उद्योगहरू विश्व बजारमा आएको परिवर्तनसँगै समयअनुसार विकास र विस्तार गर्न नसक्दा कोही धीमा गतिमा चल्दैछन्, कोही ऋणमा चल्दैछन् भने अधिकांश बन्द भएका छन् । विश्वव्यापी खुला बजार अवलम्बन गरेपछि नयाँ प्रविधि प्रयोग र व्यवस्थापन किफायती बन्न सकेन भने प्रतिस्पर्धा गर्न नसकेर बजार प्रणालीबाट बाहिरिन बाध्य बन्नुपर्छ । यस अर्थमा उत्पादन लागत घटाएर र किफायती वितरण प्रणाली बनाएर प्रतिस्पर्धी मूल्यमा उत्पादन बजारमा ल्याउँदा मात्र बजार मा प्रतिफल लिएर टिक्न सकिन्छ ।

कृषि उत्पादनकै कुरा गर्ने हो भने अहिले तराईका किसान विदेशबाट आउने उत्पादनबाट पीडित छन्, अनि पहाडका किसान विदेशबाट आउने मात्र होइन, तराईबाट आउने उत्पादनबाट समेत पीडित छन् । किनकि तराईमा सिजनको बेला पहाडको उत्पादनमा तुलनात्मक रूपमा उत्पादन लागत बढी पर्छ । यस्तैगरी ग्रामीण क्षेत्रका उत्पादक बजार नजिकको उत्पादनबाट समेत पीडित छन् । उत्पादकहरू पीडित हुनुको मुख्य कारण नै प्रति एकाइ उत्पादन र बजारीकरण लागत बढी हुनु हो । चितवनका कृषकको समस्या बजार माग नहुनु होइन, बरु बजार मूल्यमा प्रतिस्पर्धा गर्न नसक्नु हो ।

आफ्नो उत्पादनको बजार सुनिश्चित गर्न न त आयात रोक्ने, कृषि उपजको आयातमा कर लगाउने या त आफ्नो उत्पादनमा अनुदान दिएर नै आयातित वस्तुसँग प्रतिस्पर्धी बनाउनु दीर्घकालीन उपाय हो । बरु आफ्ना उत्पादकलाई प्रतिस्पर्धी बनाउनु उत्तम उपाय हो ।

प्रतिस्पर्धी हुनलाई अरू उत्पादकको भन्दा लागत सस्तो हुनुपर्छ । उत्पादन सस्तो हुनलाई उत्पादन लागत घटाउनु जरूरी हुन्छ । उत्पादन लागत घटाउनका लागि उत्पादकले उत्पादन विस्तार गर्नका लागि उत्पादनका साधन जस्तै आवश्यक मात्रामा जग्गा, सडक सुविधा, उत्पादनका लागि आवश्यक भौतिक पूर्वाधार, उन्नत बीउ, प्रविधि उपलब्ध हुनुपर्छ । जग्गाको खण्डीकरण अहिलेको मूल समस्या हो । उत्पादन क्षेत्रको चक्लाबन्दी तथा कम्तीमा पनि छिमेकी राष्ट्र भारतको सरकारले दिने बराबरको उत्पादन लागतमा सहुलियत दिने हो भने प्रतिस्पर्धी बन्न कृषि उद्यमीलाई कठिन हुँदैन ।

त्यसैगरी उत्पादन मौसमी मात्र नभएर बजारको माग अनुसार वर्षभरि नै उपलब्ध हुन जरूरी छ । केही व्यावसायिक उत्पादनका क्षेत्रमा प्रविधिको प्रयोग गरी बेमौसममा उत्पादन गर्नका लागि भौतिक संरचना तयार भएका छन्, तर त्यो पर्याप्त छैन । नेपालको भौगोलिक विविधताको प्रयोग गरी बेमौसमी उत्पादन र छिमेकी देशमा सस्तो लागतमा ठूलो परिमाणमा उत्पादन हुने सिजन छलेर उत्पादन गर्नका लागि वैज्ञानिक उत्पादन पात्रो तथा योजना उपलब्ध गराउन जरूरी छ । सानो क्षेत्रमा उत्पादनमा केन्द्रित हुने किसानले आफू भन्दा बाहिरको परिस्थिति विश्लेषण गरेर उत्पादन योजना र रणनीति तयार गर्न सक्ने कुरा भएन । यसका लागि राज्यस्तरको पहल जरूरी हुन्छ ।

अर्को कुरा कृषि उत्पादन मौसममा निर्भर हुने हुनाले जलवायुजन्य जोखिम धेरै छन् । किसानको काबु बाहिरका परिस्थितिले बाली तथा पशुको नाश हुने संभावना छ । यसका लागि जोखिम बहन तथा हस्तान्तरणको व्यवस्था गरिनु जरूरी हुन्छ । कृषि उत्पादनलाई व्यवसायका रूपमा मात्र हेरेर आफैं व्यवसायी बन, सरकारलाई कर तिर भन्नु नाजायज हो । यसो गर्ने हो भने अन्य वस्तु जस्तै कृषि उपजको आयातमा पनि कर लगाउनुपर्छ जुन गर्न मिल्दैन । कृषि उत्पादन फगत व्यवसाय मात्र होइन, यो जीवनको आधार हो र राष्ट्रिय स्वाधीनताको स्रोत पनि हो भन्ने सम्झिएर कार्यक्रम तयार गरिनु जरूरी हुन्छ । यसो गर्नका लागि विश्व व्यापार संगठनसँगको सम्झौताको प्रतिकूल हुने कुरा पनि भएन । बरु उक्त सम्झौताले उत्पादन लागत घटाउन सहयोग गर्न उत्प्रेरित नै गर्छ ।

दोस्रो उत्पादनको किफायती वितरणको कुरा । उत्पादन पछि उपभोक्तासम्म आइपुग्ने सबैभन्दा सस्तो प्रणाली भनेको बजार हो । उत्पादक आफैंले टाढाको बजारसम्म पुर्‍याउन सम्भव छैन र सम्भव भए पनि उत्पादन एकै पटक बजारका लागि तयार नहुने तथा परिमाण सानो हुनाले बजारीकरण लागत अझ बढी हुने हुन्छ । यस्तो अवस्थामा बजार मध्यस्तकर्ता आवश्यक हुन्छ । हाम्रो बजार प्रणालीमा व्यावसायिक मध्यक विकास नभइसकेकोले उत्पादन स्थलबाट उपभोक्तासम्म उत्पादन पुर्‍याउँदा किसानले पाएको मूल्य भन्दा तीन गुणासम्म तिर्नु परेको अवस्था छ ।

यो शृंखलामा वास्तविक मूल्य अभिवृद्धि गर्नेभन्दा पनि बीचमा जोखिम बहन गर्नु नपर्ने, मूल्य अभिवृद्धि नगर्ने र लगानी पनि नगरी फाइदा लिने गिरोहको संजाल तयार भएकाले वास्तविक मध्यक समेत बदनामी भएको अवस्था छ । सरकारले यस्तो गिरोहको सञ्जाल नतोडेसम्म वास्तविक किसानबाट उत्पादन सहज र सस्तो हिसाबले उपभोक्ताकोमा पुग्न सक्तैन । मध्यक व्यावसायिक भएसम्म उत्पादनको मूल्य शृंखलामा अति आवश्यक पक्ष हो । हाम्रो जस्तो अल्पविकसित देशको विकासको विरोधाभास भनेकै तलबाट विकास भएर मध्यकमा स्तरोन्नति हुँदै विश्व बजारमा जोडिन नसक्नु हो ।

यसले मध्यक अर्थात् दलाल समेत बाहिरबाट आएका कारणले स्थानीय उत्पादनको संकलन गरेर बजारसम्म ल्याउने किफायती संयन्त्र तयार गर्नु सट्टा पहिले नै बाहिर तयार भएको संकलन प्रणालीबाट उपलब्ध वस्तु आयात र वितरण गर्ने हुन्छ । यसले समस्याको बेला उपभोक्ताको घाँटी अँठ्याएर अनावश्यक मुनाफा लिने कारणले दलाल शब्द समाजमा यति विकृत भएको हो । सरकारले नाजायज हिसाबले फाइदा लिने दलालहरूको नियमन नगरेसम्म विना श्रम, विना पूँजी लगानी र विना मूल्य अभिवृद्धि बिचौलियाहरूको बिगबिगीले उत्पादक, सच्चा मध्यक र उपभोक्ता सधैं मारमा परिरहने हुन्छ । स्थानीयस्तरबाट विकास तथा उन्नत हुँदै विश्व बजार प्रणालीमा जोडिने बजार संयन्त्र कहिल्यै बन्दैन । अनि कृषि उपजको वितरण प्रणाली सधैं पराधीन भइरहन्छ ।

गुजारामुखी उत्पादन प्रणालीबाट बजारको माग अनुसार व्यावसायिक उत्पादन प्रणालीमा रूपान्तरण हुँदा विभिन्न तह र क्षेत्रमा मध्यक विकास हुँदै जान आवश्यक हुन्छ । नेपालमा हालको कृषि विकासमा देखिएको समस्या बजार मागभन्दा पनि प्रतिस्पर्धी मूल्यमा उपजको उत्पादन, संगठित संकलन र किफायती वितरण प्रणाली नहुनु हो ।

*(साभार: अनलाइनखबर)*

# बाङ्गो टिङ्गो दाँतले स्वास्थ्यमा के असर गर्छ ?

डा मुकुन्द झा

भीडभाड हुने दाँत तब हुन्छ जब तपाईंको बङ्गारामा तपाईंको सबै दाँत फुट्नको लागि पर्याप्त ठाउँ हुँदैन। दाँत एकअर्काविरुद्ध धकेल्न र बाङ्गो हुन सक्छ। सामान्यतया, तपाईंको तल्लो बङ्गारामा दाँतहरू भिड हुन्छन्। तपाईंको तल्लो दाँतलाई समर्थन गर्ने हड्डी खोपडीमा सबैभन्दा पातलो हुन्छ, जसले गर्दा यी दाँतहरू सर्ने र भीडभाड हुने वा पकाउने सम्भावना बढी हुन्छ।

के भीडभाड हुने दाँत समस्या हो र यसले तपाईंको मुस्कानलाई कसरी असर गर्छ?

**अनुचित दाँत पंक्तिबद्धता**:

जब दाँतहरू ठीकसँग पंक्तिबद्ध हुँदैनन्, तिनीहरूले तपाईंको टोकाइमा समस्याहरू निम्त्याउन सक्छन्। यदि तपाईंको दाँत राम्ररी पंक्तिबद्ध छैन भने यो ठूलो कुरा जस्तो लाग्दैन, सत्य यो हो कि खराब टोकाइले तपाईले सोचे भन्दा बढी प्रभाव पार्छ। अनुचित पंक्तिबद्धताले तपाईंलाई टोक्न र चपाउन गाह्रो बनाउन सक्छ, जसले गर्दा खाना खाने र राम्रोसँग बोल्दा पनि समस्या उत्पन्न हुन सक्छ। केही बिरामीहरूले अनुचित पंक्तिबद्धताको परिणामको रूपमा दुखाइ वा असुविधा अनुभव गर्न सक्छन्। सौभाग्यवश, अर्थोडोन्टिक्सले धेरैजसो मानिसहरूको लागि सरल समाधान प्रदान गर्दछन् ताकि उनीहरूले आरामसँग खान र बोल्न सक्छन्।

**मुखको स्वच्छतासँग समस्या**:

भीडभाड भएका दाँतहरू सामान्यतया मुखमा तिनीहरूको स्थितिको परिणाम स्वरूप सफा गर्न गाह्रो हुन्छ। भीडभाड भएका दाँत भएका मानिसहरूलाई दाँत क्षय र गिजाको रोग लाग्ने उच्च जोखिम हुन्छ, किनकि टूथब्रश र फ्लसको साथ घरमा पुग्न असम्भव ठाउँहरूमा प्लाक लुकाउन सक्छ। आफ्नो सही स्थानमा रहेका दाँतहरूले पनि लुकाउनको लागि ठाउँ छोड्न सक्छ, त्यसैले तपाईंको दन्त चिकित्सकसँग नियमित व्यावसायिक सफाई आवश्यक छ।

भीडभाड भएका दाँतहरू सुधारेर, तपाईंले घरमै आफ्नो मुखको हेरचाह गर्न र गिजाको रोग लाग्ने जोखिमलाई कम गर्न सजिलो बनाउन सक्नुहुन्छ।

**आत्म-विश्वासको समस्याहरू**

भीडभाड भएका दाँत भएका व्यक्तिहरू प्राय: आफ्नो मुस्कानप्रति आत्म-सचेत हुन्छन् कि मानिसहरूले प्रभावित दाँत देख्न सक्छन् कि सक्दैनन्। केही मानिसहरूका लागि, उनीहरूलाई लाग्छ कि भीडभाड भएका दाँतहरूले उनीहरूको सम्पूर्ण उपस्थितिलाई असर गर्न सक्छ र उनीहरूको आत्म-विश्वासलाई असर गर्न सक्छ। तपाईंको अर्थोडन्टिस्टले अझ सुन्दर, कार्यात्मक मुस्कानको लागि तपाईंको दाँतको भीडलाई सुधार गर्न प्रभावकारी उपचार योजना विकास गर्न सक्छ। अर्थोडोन्टिक उपचारले प्राय: बिरामीहरूको मुस्कानमा आत्मविश्वास सुधार गर्न सक्छ, र उनीहरूलाई अरूसँग थप आत्मविश्वासका साथ अन्तरक्रिया गर्न मात्र होइन, अरूले उनीहरूलाई कसरी बुझ्छन् भन्ने बारे राम्रो महसुस गर्न पनि अनुमति दिन्छ ।

**मांसपेशी थकान**:

ओरल हेल्थ फाउन्डेसनका अनुसार, यदि तपाईंको दाँत र बङ्गारा राम्रोसँग पंक्तिबद्ध छैन भने, तपाईंको बङ्गारा चलाउने मांसपेशीहरूले कडा मेहनत गर्नुपर्छ। यसले मांसपेशी थकान र ऐंठन निम्त्याउन सक्छ, जस्तै लक्षणहरू सिर्जना गर्न सक्छ:

- माइग्रेन वा लगातार टाउको दुखाइ,
- तपाईंको आँखा पछाडि दुखाइ,
- साइनस दुखाइ,
- घाँटी दुख्ने,
- काँध दुख्ने,
- ढाड दुख्नु

भिडभाड भएका दाँतले टेम्पोरोमन्डिबुलर जोइन्ट विकार निम्त्याउन सक्छ, जुन जब्डाको हड्डी र खोपडीको जोर्नीमा हुने सूजन हो। फलस्वरूप, यसले धेरै टाउको दुख्ने, गम्भीर घाँटी दुख्ने र यदि उपचार नगरेमा काँधमा समस्या हुन्छ ।

*(साभार: स्वास्थ्यखबर)*

अर्धवार्षिक अर्थ समीक्षा :

# रेमिट्यान्स र कसिलो कर्जाले सुधाऱ्यो बाह्य क्षेत्र, दबावमा राजस्व

काठमाडौं/रेमिट्यान्समा भएको वृद्धि र घट्दो दरमा देखिएको आयातले अर्थतन्त्रको बाह्य क्षेत्रमा देखिएको दबाव सामान्य अवस्थामा पुगेको छ । चालु आर्थिक वर्ष २०७९/८०को अर्धवार्षिक अवधि (साउन-पुस) सकिंदासम्म अर्थतन्त्रको बाह्य क्षेत्र दबावमुक्त बन्दै गएको प्रष्ट देखिएको छ । तर, अर्थतन्त्रको सार्वजनिक वित्त क्षेत्रमा परेको दबावका कारण बाह्य क्षेत्रको स्थायित्व कायम गर्नु कम्ता चुनौतीपूर्ण भने छैन ।

उच्च आयातले बढ्दो शोधनान्तर घाटा र घट्दो विदेशी विनिमय सञ्चितिले अर्थतन्त्रको बाह्य क्षेत्र चरम दबावमा परेपछि ५ पुस २०७८ मा नेपाल राष्ट्र बैंकले केही विलासिताका वस्तु आयात गर्न प्रतीतपत्र (एलसी) खोल्दा नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरेको थियो । त्यतिले पर्याप्त नभएपछि सरकारले आयात प्रतिबन्धको नीतिसम्म ल्याउनुपऱ्यो ।

आयातमा कडाइ सुरु गरिएको एक वर्षपछि भने बाह्य क्षेत्र सामान्य बन्दै गएको राष्ट्र बैंकको तथ्यांकबाट देखिन्छ । सामान्य दरमा घट्दो आयात र रेमिट्यान्सको उल्लेख्य वृद्धिले अर्थतन्त्रका बाह्य सूचकहरुमा सुधार भएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक अनुसान्धान विभागले चालु आर्थिक वर्ष २०७९/८० को ६ महिनाको आर्थिक तथा वित्तीय अवस्थाको तथ्यांक सार्वजनीक गर्दै शोधनान्तर स्थिति ९७ अर्ब १० करोडले बचतमा रहेको उल्लेख गरेको छ । यस्तै चालु खाता २९ अर्ब ४७ करोडले घाटामा रहेको जनाएको छ ।

जबकी आर्थिक वर्ष २०७८/७९ को यस्तै अवधिमा शोधनान्तर स्थिति २ खर्ब ४१ अर्ब २३ करोडले घाटामा थियो भने चालु खाता ३ खर्ब ५२ अर्ब १६ करोडले घाटामा थियो ।

आयातको तुलनामा न्युन हिस्सा रहेको निर्यात घटेपनि आयातको दर नै खुम्चिएर व्यापार घाटामा उल्लेख्य गिरावट भएको छ । निर्यात ३१ प्रतिशत र आयात २०.७ प्रतिशतले गिरावट हुँदा व्यापार घाटा १९.२ प्रतिशतले घटेर ७ खर्ब ११ अर्ब ८६ करोडमा झरेको छ ।

यही अवधिमा रेमिट्यान्स २४.३ प्रतिशतले वृद्धि भएर ५ खर्ब ८५ अर्ब ८ करोड पुगेको छ । जबकि गत आर्थिक वर्षको सोही अवधिमा ४ खर्ब ७० अर्ब ७२ करोड रेमिट्यान्स आएको थियो ।

गत असारको तुलनामा विदेशी विनिमय सञ्चिति पनि १० प्रतिशतले वृद्धि भएको नेपाल राष्ट्र बैंकले जनाएको छ । असार मसान्तमा १२ खर्ब १५ अर्ब ८० करोड रुपैयाँबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पुस मसान्तमा आउँदा १३ खर्ब ३७ अर्ब २९ करोड रुपैयाँमा पुगेको छ ।



विदेशी विनिमय सञ्चिति बढ्दै गर्दा आयातमा भएको संकुचनले आयात पर्याप्तता सूचकमा समेत उलेख्य सुधार भएको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति कायम राख्ने लक्ष्य लिएको थियो । तर, पुस मसान्तको तथ्यांकले चालु आवको ६ महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १०.४ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखाएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख डा. प्रकाशकुमार श्रेष्ठ कुनै उतारचढाव हुँदा स्थायित्वको जोखिम कायम रहेपनि अहिले बाह्य क्षेत्र सहज अवस्थामा पुग्यो भन्ने अवस्था आएको बताउँछन् ।

'आयात प्रतिबन्ध हटाएका छौं, एलसीमा नगद मार्जिन पनि हटेको छ, यसको प्रभाव माघमा पनि परिसकेको छैन,' उनले भने, 'आयात बढेकै अवस्थामा पनि अब केही महिना बाह्य क्षेत्रमा दवाब परिहाल्ने अवस्था छैन ।'

अहिलेकै अनुपातमा रेमिट्यान्स बढ्ने हो भने आयात बढ्दा पनि बाह्य क्षेत्रमा दबाव परिहाल्ने अवस्था नरहेको उनको भनाइ छ ।

### वित्तीय क्षेत्र कस्दा बाह्य क्षेत्रमा सुधार

वित्तीय क्षेत्र कसिएको हुनाले बाह्य क्षेत्रमा सुधार भएको नेपाल राष्ट्र बैंकको पुर्व कार्यकारी निर्देशक तथा अर्थविद् नरबहादुर थापा बताउँछन् ।

साथै रेमिट्यान्समा पनि वृद्धि हुँदा बाह्य क्षेत्रमा सहयोग पुगेको उनको तर्क छ । 'गत वर्ष शोधनान्तार घाटा हुनुमा उच्च कर्जा विस्तार प्रमुख कारण थियो । जसले १४/१५ महिना शोधनान्तर स्थिति घाटामा गयो भने त्यसले विदेशी विनिमय सञ्चिति पनि घट्न गयो,' थापा भन्छन्, 'अहिले आयात २० प्रतिशतले घट्ने, निजी क्षेत्रमा जाने कर्जा ४ प्रतिशत सीमीत हुने अवस्थाले विदेशी विनिमय सञ्चितिमा सुधार भयो । यसले शोधनान्तर बचतलाई ९७ अर्बमा पुऱ्याएको छ ।'

गत वर्ष शोधनान्तर घाटा बढ्दै जाँदा वित्तीय प्रणालीमा तरलता अभाव भएको थियो । जसले बैंकहरुमा लगानीयोग्य स्रोत नहुँदा पछिल्लो एक वर्षमा कर्जा विस्तार हुन सकेको छैन ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षमा निजी क्षेत्रमा प्रवाह हुने कर्जा १२.६ प्रतिशतले विस्तार गर्ने लक्ष्य लिएको छ । तर, पुस मसान्तमा आउँदा १ खर्ब ३७ अर्ब ३३ करोड अथात् करिब ४ प्रतिशतले मात्रै विस्तार भएको जनाएको छ । २०७८ पुस मसान्तको तुलनामा २०७९ पुसमा ४ प्रतिशतले मात्रै कर्जा विस्तार भएको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ ।

बाह्य क्षेत्र सन्तुलन कायम गर्न कसिलो नीति लिंदा आर्थिक गतिविधि शिथिल बनेको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापा बताउँन् । अब आर्थिक गतिविधि विस्तार गरी निजी क्षेत्रलाई उत्साहित बनाउनुपर्ने बेला आएको र त्यसको नेतृत्व सरकारले लिनुपर्ने थापाको तर्क छ ।

'आयात २० प्रतिशतले घटेको छ, राजस्व पनि २० प्रतिशतले नै घटेको छ भने निजी क्षेत्रमा जाने कर्जा ४ प्रतिशतले मात्रै बढेको छ । यसको अर्थ अहिले आर्थिक गतिविधि शिथिल छ,' थापा भन्छन्, 'निजी क्षेत्र राम्रो अवस्थामा देखिंदैन । यस्तो अवस्थामा सरकार आर्थिक गतिविधि बढाएर पूँजी निमार्णमा लाग्नुपर्छ ।'

सकारले पूँजीगत खर्च बढाउनुपर्ने भन्दै उनले सरकारी वित्तमा पनि सुधार आवश्यक रहेको बताए । 'सरकारको राजस्वले चालु खर्च नै धान्दैन, पूँजीगत खर्च घटाउँछु अथवा बजेटमा भनेअनुसार प्रदेश र स्थानीय तहलाई दिने र कम ढिला गर्छु भन्नेतिर लाग्ने होइन,' उनले भने, 'त्यतातिर लाग्यो भने अर्को संकट आउने सम्भावना छ । सरकारले अन्तर बैंक ब्याजदर ४ प्रतिशतमा आएको बेला आन्तरिक ऋण परिचालन गरेर पूँजीगत खर्च बढाउनुपर्छ ।'

बाह्य क्षेत्र दबामुक्त बन्दै जाँदा सकारी वित्त स्थिति र निजी क्षेत्र भने दवाबमा छ । आयातमा आधारित अर्थतन्त्र र राजस्व प्रणाली भएकोले बाह्य क्षेत्र सन्तुलन कायम गर्न आयातमा कडाइको प्रभाव आन्तरिक क्षेत्रमा देखिएको छ ।

वित्तीय प्रणालीमा तरलता सहज बन्दै गएको भए पनि कर्जाको ब्याजदर उच्च बनेको छ । अर्कोतर्फ आर्थिक गतिविधि शिथिल बन्दै गएको छ । जसले बैंकहरुको निष्कृय कर्जा अनुपात बढ्दै गएको भने अर्कोतर्फ आयात घटेसँगै सरकारी वित्त पनि दबावमा छ ।

पुससम्म सरकारको कुल खर्च १३.७ प्रतिशतले बढेर ५ खर्ब ७६ अर्ब पुग्दा राजस्व परिचालन भने गत आवको सोही अवधिको तुलनामा १५.३ प्रतिशतले घटेर ४ खर्ब ५९ अर्बमा झरेको छ ।

अर्कोतर्फ बैंकहरुको कर्जाको भारित औसत ब्याजदर १२.७९ प्रतिशत पुगेको राष्ट्र बैंकले जनाएको छ । २०७८ पुसमा यस्तो ब्याजदर ९.४४ प्रतिशत थियो । उच्च ब्याजदर र ४ प्रतिशतको मात्रै कर्जा विस्तारले व्यवसायीहरु चालपूँजीको समस्यामा मात्रै हैन, कर्जा तिर्न नसक्ने अवस्थामा पुगेका छन् ।

'निजी क्षेत्रलाई उप्रेरित गरेर संकुचित अर्थतन्त्रलाई पुनःउद्धार गर्नुपर्छ,' उनले भने, 'बजेटमा जे लेखेको छ, त्यसलाई कार्यान्वयन गर्नुपर्छ, आन्तरिक ऋण २५६ अर्ब उठाउँछु भनेको छ भने ओभरड्राफ्ट लिनसक्ने व्यवस्था छ, त्यो लिएर सरकारले खर्च गर्छ भने आर्थिक गतिविधि विस्तार भएर राजस्व बढ्छ ।'

निजी क्षेत्रलाई पर्खेर बस्ने हो भने यो वर्ष आर्थिक गतिविधि वृद्धि नहुने उनले बताए ।

बाह्य क्षेत्रमा दवाब बढ्दै गएपछि आयात नियन्त्रण गर्न आयात प्रतिबन्ध र एसलीमा नगद मार्जिनको व्यवस्था हटेको छ । तर, ब्याजदर वृद्धि गरी उपभोग नियन्त्रणमार्फत आयात नियन्त्रणको लागि चालिएका कदम अझै पनि यथावत छ । नेपाल राष्ट्र बैंकले बैंकदर नै साढे ८ प्रतिशत पुऱ्याएको छ ।

अब बाह्य क्षेत्र सन्तोषजनक अवस्थामा पुगेकोले विस्तारै यसको प्रभाव कर्जा र निक्षेपको ब्याजदर घट्न थाल्ने नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग प्रमुख प्रकाश कुमार श्रेष्ठ बताउँछन् ।

नीतिगत निर्णय के हुन्छ भन्न नसकिए पनि मौद्रिक नीति समीक्षामा वर्तमान तथ्यांकको विश्लेषण हुने उनको तर्क छ ।

'बाह्य क्षेत्र सहज बन्दै गर्दा अब क्रमिक रुपमा ब्याजदर घट्छ । तर, उत्साहित भएर ब्याजदर धेरै नै घट्यो भने अर्को दबावको चक्रमा तुरुन्तै जानसक्ने सम्भावना हुन्छ,' उनले भने, 'ब्याजदरमा धेरै कम हुनु पनि हुँदैन, ब्याजदरमा स्थायित्व चाहिन्छ ।'

रेमिट्यान्स र आयातको प्रवृत्तिले बाह्य क्षेत्रको अवस्था निर्धारण गर्ने भएपनि त्यसतर्फ र हेका जोखिमलाई सचेत भएर हेर्नुपर्ने उनको भनाइ छ ।

### मुद्रास्फीतिमा दबाव कायमै

बाह्य क्षेत्र स्थायितवतर्फ जाँदै गर्दा मुद्रास्फीति भने अझै पनि लक्ष्यभन्दा माथि छ । यद्यपि साढे ८ प्रतिशतभन्दा माथि रहेको मुद्रास्फीति क्रमिक रुपमा घट्दै गएको छ ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा मुद्रास्फीति ७ प्रतिशतभित्र कायम राख्ने लक्ष्य लिएको थियो । मौद्रिक नीति सार्वजनिक भएदेखि नै लगातार लक्षित सीमाभन्दा माथि रहेको मुद्रास्फीति पुस मसान्तमा आउँदा करिब ७ प्रतिशतमा झरेको छ ।

गत पुस महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२६ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.६५ प्रतिशत थियो ।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.६२ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.५७ प्रतिशत रहेको देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# थन्किए ५५ करोडभन्दा बढीमा किनिएका साझाका ३७ बिजुली बस

काठमाडौं/चार्जिङ स्टेसन नभएपछि साझा यातायातले ल्याएका ३७ वटा बिजुली बस थन्किन पुगेका छन् । गत कात्तिकमा नै चीनको नानजिङबाट नेपाल भित्रिएका करिब ५६ करोड मूल्यका बिजुली बसहरु अहिले बनेपा, पोखरा र साझाको पुल्चोकस्थित पार्किङमा थन्किएका छन् ।

अढाइ महिनाअघि नै आयातकर्ता कम्पनीले साझालाई बसहरु बुझेर जिम्मा लिन आग्रह गरेको थियो । तर, राख्ने ठाउँको अभाव देखाएर साझाले बस लिन मानेको छैन ।

सफल परीक्षणसहित ३ वटा बिजुली बस चलाइरहेको साझाले अन्य बिजुली बसहरु राख्ने ठाउँको समेत टुंगो लगाउन सकेको छैन ।

सरकारकै लगानीमा खरिद गरिएका बसहरु कहाँ राखेर चार्ज गर्ने र पार्क गर्ने भन्ने टुंगो नलाग्दा साझाले बसहरु नै चलाउन सकेको छैन । बसहरुको प्राविधिक परीक्षण भएको लामो समय बितिसक्दा पनि साझाले बस चलाउने वातावरण तयार गर्न सकेको छैन ।

बस किन्नुअघि नै यस्तो पूर्वाधारबारे पर्याप्त गृहकार्य र तयारी नगर्दा बस आएर पनि थन्किने अवस्था आएको हो । साझाले बिजुली बसको चार्जिङ स्टेसनसहित पार्किङ स्थल खोजिरहे पनि अहिलेसम्म नभेटाएको बताएको छ ।

साझा यातायातका कार्यवहाक प्रमुख कार्यकारी अधिकृत महेन्द्र पाण्डेय सरकारलाई विकल्पसहित चार्जिङ स्टेसन राख्ने जग्गाको व्यवस्थापनको लागि अनुरोध गरिएको बताउँछन् । 'हामीले मीनभवनको ट्रली बसको जग्गा उपलब्ध गराइदिन आग्रह गरेका छौं,' पाण्डेयले भने, 'सरकारबाट निर्णय भएर आएको छैन, केही समयभित्रै पाउँछौं भन्ने विश्वास छ ।'

बसहरु परीक्षणकै क्रममा रहेको र परीक्षण भएर आएपछि रुट अनुमति लिन प्रक्रिया थालिने उनले बताए । उनका अनुसार नयाँ बिजुली बसहरु अहिले चलिरहेकै रुटमा सञ्चालन गर्ने योजना छ ।

साझा यातायातसँग हाल ७१ वटा डिजेल बस र ३ वटा बिजुली बस छन् । ती बसहरु पुल्चोकस्थित साझा यातायातको केन्द्रीय कार्यालयमा पार्किङमा राखिन्छन् । अहिले हस्तान्तरण हुन बाँकी करिब आधादर्जन बिजुली बस पनि पुल्चोकमा आइपुगेका छन् । तर, ती बस पनि चल्न सकेका छैनन् ।

पुल्चोकमा नयाँ किनिएका सबै बिजुली बस अट्दैनन् । साझाले बिजुली बससँगै आफ्ना लागि २० वटा चार्जिङ स्टेसनका मेसिन त किनेको छ, तर ती चार्जिङ स्टेसनहरु कहाँ राख्ने भन्ने टुंगो छैन ।

साझा यातायात सरकारले पार्किङ पूर्वाधारका लागि जग्गा दिने आशमा बसेको छ । आफ्नोतर्फबाट जग्गा किनेर वा भाडामा लिएर यस्तो पूर्वाधार बनाउन साझाले चासो दिएको छैन ।

गत वर्ष नै साझाले बिजुली बसका लागि चार्जिङ स्टेसन राख्ने जग्गा उपलब्ध गराउन आग्रह



गर्दै पत्राचार गरेको थियो । तर, अझै पनि सरकारले बिजुली बसका लागि डेडिकेटेड चार्जिङ स्टेसनसहित पार्किङ स्थलको व्यवस्था गराएको छैन । यसले गर्दा करोडौंमा खरिद गरिएका बसहरु थन्किने अवस्था बनेको छ ।

बिजुली बस आपूर्तिकर्ता 'दि गो' कम्पनीका एक कर्मचारी साझालाई सबै बसहरु जिम्मा लिन पटक-पटक आग्रह गरिएको बताउँछन् । 'हामीले ठूलो खर्च गरेर महँगोमा भाडामा लिएको जग्गामा बसहरु राख्नु परेको छ,' उनले भने, 'साझालाई छिटो बस लैजान आग्रह गरेका छौं, उहाँहरुले राख्ने ठाउँ भएन भनेर लैजान मान्नु भएको छैन ।'

साझाले जग्गा नदिएका कारण ल्याएका चार्जरहरु पनि स्टेसनका रुपमा स्थापित गर्न नपाएको उनले बताए । साझालाई बस छिटो बुझ्न फेरि पत्राचार गर्ने तयारी भइरहेको ती कर्मचारीले बताए ।

उनका अनुसार डिजेल बसहरुलाई जस्तो बिजुली बसका लागि पार्किङ क्षेत्र मात्रै छुट्याएर हुँदैन, पार्किङ क्षेत्रमै पर्याप्त चार्जिङ स्टेसन पनि राख्नुपर्छ । अझ रातिको समयमा धेरै बसहरु एकसाथ चार्जमा राख्नुपर्छ, दिउँसो समेत चार्जिङ स्टेसन चलाइरहनुपर्छ ।

यसले गर्दा डिजेल गाडीभन्दा बिजुली गाडीका लागि बढी क्षेत्रफलसहितको पार्किङ चाहिन्छ । पार्किङमा चार्जिङ पोर्ट नभएका ठाउँमा रातमा बिजुली बस पार्क गर्न मिल्दैन । शहरभित्र चल्ने यस्ता बसहरुमा लागि निश्चित ठाउँमा चार्जिङ स्टेसन अपरिहार्य हुन्छ ।

काठमाडौंको मुख्य सहरी क्षेत्रभित्र जग्गा पाउन सजिलो नभएको सरकारले यसमा चासो दिनुपर्ने अवस्था आएको छ । विज्ञहरु बिजुली बसको चार्जिङ गर्न मिल्ने गरी नयाँ बसपार्क नै आवश्यक देख्छन् ।

अहिले साझासहित विभिन्न निजी क्षेत्रका कम्पनीका बिजुली बस पनि थपिंदैछन् । उनीहरु पनि चार्जिङका लागि पूर्वाधारको अभाव खेपिरहेका छन् । साझा यातायातले पनि सहरभित्र पर्याप्त पार्किङ क्षेत्र नपाए समस्या हुने बताइरहेको छ ।

३७ वटा बिजुली बस थपिएसँगै साझा यातायात काठमाडौं उपत्यकाकै सबैभन्दा ठूलो बस सेवा प्रदायक कम्पनी बन्नेछ । उपत्यकाको सार्वजनिक यातायात प्रणालीको सञ्जालीकरण र सुदृढीकरणका लागि नयाँ बिजुली बसहरु अर्को कोशेढुंगा सावित हुने साझाको विश्वास छ ।

साझा यातायात तुरुन्तै थप अहिलेको भन्दा ठूलो आकारका बिजुली बस ल्याउन कस्सिएको छ । साझाले एक वर्षभित्र अरु ५० देखि ८० वटासम्म लामा बिजुली बस थप्ने योजना बनाइसकेको छ । त्यसका लागि कम्पनीहरुसँग उपलब्ध बसहरुको स्पेसिफिकेसनबारे साझाले अध्ययन गरिरहेको छ । अब ११/१२ मिटर लामा बस किन्ने साझाको योजना छ ।

यस्तो अवस्थामा साझालाई फराकिलो पार्किङ स्पेससहितको चार्जङ स्टेसन आवश्यक रहेको साझा यातायातका पदाधिकारीहरु बताउँछन् । बिजुली बसका लागि चार्जिङ स्टेसनसहितको पार्किङ क्षेत्र दिने विषय समग्रमा सार्वजनिक यातायातलाई मर्यादित र व्यवस्थित गर्ने विषयसँग जोडिएको उनीहरुको भनाइ छ ।

साझा यातायातलाई ३ अर्ब रुपैयाँ अनुदान दिएर बिजुली बस किन्न प्रोत्साहित गरेको सरकारले चार्जिङ र पूर्वाधारलाई पनि प्राथमिकता दिएर बिजुली बसको प्रवर्द्धन गर्न वातावरण बनाउँने यातायात विज्ञहरु बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# रास्वपामा रविको आलोचना, आत्मालोचना गर्न माग

काठमाडौं/सञ्चार माध्यमलाई लान्छित गर्दै अभिव्यक्ति दिएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा सभापति रवि लामिछानेको आलोचना भएको छ । आफूहरु पार्टीको सभापतिले दिएको अभिव्यक्तिको बचाउ समेत गर्न नसक्ने अवस्था आएको भन्दै नेताहरुले आत्मालोचना गर्न माग गरेका छन् ।

रास्वपाले आइतबार सरकार छाड्ने, तर समर्थन कायमै राख्ने निर्णय गरेको थियो । लगत्तै पार्टी कार्यालय, बसुन्धरामा आयोजित पत्रकार सम्मेलनमा सभापति लामिछाने सञ्चार माध्यममाथि खनिएका थिए । उपप्रधान तथा गृहमन्त्री र सांसद गुमेपछि आफू आक्रोशित भएको स्वीकार गरेका उनले 'मुडमा छु है' भन्दै सञ्चार माध्यम र विभिन्न व्यक्तिको जीवनमा प्रवेश गर्दै लाञ्छना लगाएका थिए ।



सोमबारको बैठकमा नेताहरुले रविको आलोचना गरे । बैठकमा बोल्ने अधिकांश केन्द्रीय सदस्य र सांसदहरुले सभापतिले पत्रकार सम्मेलनमा दिएको अभिव्यक्तिले सार्वजनिक वृत्तमा राम्रो सन्देश नगएको बताएका थिए ।

प्रमुख सचेतक सन्तोष परियारले 'तपाईँले दिएको अभिव्यक्तिले पार्टीलाई घाटा भयो, आत्मालोचना गर्नुस्' भनेका थिए । अर्का सांसद गणेश पराजुलीले पार्टीप्रति बुद्धिजिवी वर्गलाई चिढाउने काम मात्र भएको बताए । उनले भनेका थिए, 'तपाईँको अभिव्यक्तिले हामीप्रति उनीहरु निराश भए । यसले गलत सन्देश गएको छ ।'

सांसद मनिष झाले गृहमन्त्री नपाएकै कारण सरकार छाडेको भनेर सन्देश जानु पार्टीको पनि कमजोरी भएको बताएका छन् । आइतबार रविले आफूले गृहमन्त्री बन्न खोजेको, तर नभई हुन्न भनेर नभनेको जिकिर गरेका थिए । उनले भनेका थिए, 'यही कुरा २/३ दिन अगाडि भनेको भए गृह नपाएर सरकारबाट बाहिरियो भन्ने सन्देश जाँदैनथ्यो । यसमा चुक भयो ।'

एक सहभागीका अनुसार महामन्त्री एवं प्रवक्ता मुकुल ढकालले भने सभापति रविको बचाउ गरेका थिए । गृह मन्त्रालय आफ्नो पार्टीले पाउनुपर्ने र पाएको भए कसलाई पठाउने भनेर पार्टीले निर्णय गर्ने उनको तर्क थियो ।

बैठकमा सभापति रवि रिस धेरै उठेकाले बोलेको बताएका थिए । यसले भएको क्षति न्यूनिकरण गर्न के गर्ने त भनेर समेत उनले प्रश्न गरेको एक नेताले सुनाए । उनले भने, '१/२ दिन हेरौं, त्यसपछि तपाईँले हिजोको जस्तै पत्रकार सम्मेलन गरेर हुन्छ कि विज्ञप्ति मार्फत हुन्छ आफ्नो वक्तव्य दिनुस भनेका छौं ।'

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# प्रमुख प्रतिपक्षी दल घोषणा गर्न नेमकिपाको माग

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ नेपाल मजदुर किसान पार्टी नेमकिपाले आफूलाई बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल घोषणा गर्न माग गरेको छ ।

प्रदेशसभाको छैठौं दल नेमकिपाले संसद्को अन्य सबै दलले सरकारलाई विश्वासको मत दिएको भन्दै आफूलाई प्रमुख प्रतिपक्षी दल बनाउन माग गरेको हो । बागमती प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस हो । कांग्रेस वर्तमान सत्तारुढ गठबन्धनभन्दा बाहिर छ । तैपनि उसले सरकारलाई विश्वासको मत दिएको हुँदा कांग्रेस प्रतिपक्षी दल हुन नसक्ने नेमकिपाको भनाइ छ ।

सरकालाई विश्वासको मत दिएर समर्थन गरेको कांग्रेस सत्तापक्ष नै रहेको भन्दै नेमकिपाले आफ्नो दललाई प्रमुख प्रतिपक्षी दल घोषणा गर्नुपर्ने माग राखेको छ । मुख्यमन्त्री शालिकराम जम्मकट्टेललाई नेमकिपाबाहेक ६ राजनीतिक दलले विश्वासको मत दिएका थिए । माघ ३ गते बसेको प्रदेशसभाको बैठकमा १०५ सांसद्ले मुख्यमन्त्रीलाई विश्वासको मत दिएका थिए । कांग्रेसले पनि सरकारलाई सघाएको भन्दै कांग्रेस प्रतिपक्ष दल हुनै नसक्ने नेमकिपा बागमती संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले बताए । उनले सभामुखसमक्ष केहीदिन अघि नै लिखितरुपमा नै विपक्षी दलको नेता आफूलाई बनाउन माग गर्दै उनले संसद् सचिवालयमा पत्र बुझाएका थिए ।

सरकारलाई विश्वासको मत दिँदा ३ मत अर्थात् नेमकिपाले मात्रै विपक्षीमा मत दिएका कारण नेमकिपालाई प्रमुख प्रतिपक्षी दलको घोषणा गर्नुपर्ने उनको माग छ । बागमती प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा भने सरकारको निर्णयले आफ्नो पार्टी विपक्षी दल घोषणा भैसकेको भन्दै अब अरुले भन्दैमा हटाउन नमिल्ने बताउँछन् ।

सरकारलाई विश्वासको मत दिनु र सरकारमा मिसिन जानुमा फरक रहेको भन्दै सांसद् लामा प्रमुख प्रतिपक्षी दलको हक कांग्रेसबाहेक अरुलाई नभएको दाबी गर्छन् । ११० सदस्य रहेको बागमतीमा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टी र नेपाल मजदुर किसान पार्टी गरी ७ राजनीतिक दलको सहभागिता छ ।

# संसदीय समितिमा दलहरुको रस्साकस्सी




साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ बागमती प्रदेशसभाको संसदीय समितिमा दलहरुको रस्साकस्सी चलेको छ ।

सत्तापक्ष र प्रतिपक्ष दुवैले संसदीय समितिको सभापति आफूले पाउनुपर्ने अडान राखेपछि सकस परेको हो । प्रदेशसभाको सत्तापक्ष र प्रतिपक्ष दुबैले संसदीय समितिमा दाबी नछाडेपछि सोमबार २ पटक बसेको सर्वदलीय बैठक निष्कर्षविहीन बनेको छ भने संसद् बैठक बस्नै सकेन ।

प्रमुख प्रतिपक्षको रुपमा रहेको कांग्रेसले पाँचवटै संसदीय समितिको नेतृत्व गर्न पाउनुपर्ने दाबी गरेको छ । तर, सत्तापक्ष सबै समितिको नेतृत्व कांग्रेसलाई छाड्न तयार छैन । दुबै पक्षले आ-आफ्नो अडान नछाडेपछि सोमबार दुईपटक बसेको सर्वदलीय बैठकमा सहमति जुट्न नसकेको सत्तापक्षीय दलका सांसद्हरुको भनाइ छ ।

प्रदेशमा ५ वटा संसदीय समिति छन् । तीमध्ये एमालेले २, माओवादी केन्द्र २ र राप्रपाले दुई समितिको नेतृत्वमा दाबी गर्दै आएका छन् । नेमकिपाले भने नेपाली कांग्रेस प्रतिपक्ष नै नभएको बताएको छ । दलहरुबीच सहमति नजुटेपछि सोमबार १२ बजेका लागि बोलाएको प्रदेशसभा बैठक माघ २६ गते बस्ने गरी स्थगित भएको छ ।

# हेटौंडामा अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडामा अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता हुने भएको छ ।

बागमती प्रदेश खेलकुद परिषद् र मकवानपुर जिल्ला बक्सिङ संघको आयोजनामा हेटौंडामा अल नेपाल नोभिस बक्सिङ प्रतियोगिता हुने भएको हो । सोमबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरेर आगामी फागुन १५ गतेदेखि २० गतेसम्म प्रतियोगिता हुने जनाइएको छ ।




मकवानपुर जिल्ला बक्सिङ संघका अध्यक्ष दीपेश जोशीले नयाँ खेलाडी लक्षित प्रतियोगितामा महिलातर्फ ४८ केजीदेखि ६६ केजी तौलसम्म ८ वटा समूह तथा पुरुषतर्फ ४८ केजीदेखि ७५ केजी तौलसम्म ९ वटा समूहमा प्रतिस्पर्धा हुने जानकारी दिए । १६ देखि २१ वर्ष उमेर समूहका खेलाडी सहभागी हुने उनको भनाइ छ । बागमती प्रदेश खेलकुद परिषद्का सदस्य धनकुमार मैनालीले नयाँ पुस्ताका खेलाडीलाई सहभागिताको अवसर प्रदान गर्न लागिएको उनले बताए ।

प्रतियोगितामा प्रथम हुनेले १० हजार रुपैयाँ, द्वितीय हुनेले ५ हजार रुपैयाँ र तृतीय हुनेलाई ३/३ हजार रुपैयाँ प्रदान गरिनेछ । यस्तै उत्कृष्ट खेलाडीले नगद ५ हजार रुपैयाँ र ग्लोब्स प्राप्त गर्नेछ । प्रतियोगितामा नेपाल बक्सिङ संघको प्राविधिक सहयोग रहनेछ । हेटौंडा-४ स्थित बहुउद्देश्यीय कभर्ड हलमा हुने प्रतियोगिता आयोजनाका लागि ३५ लाख रुपैयाँ लागत अनुमान गरिएको छ ।

प्रतियोगिताको संयोजक मकवानपुर जिल्ला बक्सिङ संघका अध्यक्ष दीपेश जोशी रहेका छन् । नेपाल बक्सिङ संघका पूर्व केन्द्रीय सदस्य समेत रहेका मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले प्रतियोगितामा प्रथम हुने मकवानपुरका खेलाडीलाई जनही ३ हजारका दरले पुरस्कार दिने घोषणा गरे ।

# हेटौंडा आइडलको उपाधि दिपेश श्रेष्ठलाई

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ हेटौंडा १० भुटनदेवी पार्कमा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा भएको हेटौंडा आइडल गायन प्रतियोगितामा फाइनलमा पुगेका पाँच जना प्रतिस्पर्धीलाई उछिन्दै दीपेश श्रेष्ठले उपाधि हात पारेका छन् ।




आइतबार भएको ग्राण्ड फाइनलमा आफ्नो गायन प्रस्तुति दिँदै उनले हेटौंडा आइडलको उपाधि प्राप्त गरेका हुन् । आइडलको फष्ट रनर अप सुशन शाही ठकुरी भएका छन् भने सेकेन्ड रनर अप प्रेमलाल बैठा भएका छन् । उनीहरुले निर्णायकको मूल्याङ्कन, टिकट र एसएमएसबाट प्राप्त भएको भोटिङको आधारमा बिजेता बनेका हुन् ।

प्रतियोगितामा अनिता मोक्तानले चौथो स्थान र सुस्मिता श्रेष्ठले पाँचौ स्थान हासिल गरेका छन् । आइडल बनेका दीपेश श्रेष्ठले नगद तीस हजार, ट्रफीसहित विभिन्न आकर्षक पुरस्कारहरु प्राप्त गरेका छन् । त्यस्तै, सुसन शाही ठकुरीले बीस हजार नगद, ट्रफीसहित विभिन्न आकर्षक पुरस्कारहरु प्राप्त गरेका छन् भने प्रेमलाल बैठाले नगद दश हजारसहित ट्रफी विभिन्न आकर्षक पुरस्कारहरु प्राप्त गरेका छन् ।

हेटौंडा आइडलको प्रायोजकमा हेटौंडामा रहेको लक्की ज्वेलर्स रहेको हेटौंडा आइडल व्यवस्थापन समितिका संयोजक एवम् मउवा संघका कार्यसमिति सदस्य अंकिता सुमार्गीले बताइन् । आइडल बनेका श्रेष्ठलाई बोन ट्राभल्स एण्ड टुर्सको तर्फबाट माउन्टेन फ्लाइटको सुविधास्वरुप पुरस्कार दिइएको छ । आइडलको निर्णायकमा बिजय कार्की, ईश्वर खड्का र कृष्णगोपाल सिंह रहेका थिए । आइडलमा २० जना प्रतिस्पर्धीले प्रतिपर्धा गरेका थिए ।

# वक्तृत्वकला प्रतियोगितामा तिमल्सिना प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, २३ माघ/ 'सहिदको बलिदान र हाम्रो अभिभारा' भन्ने शीर्षकमा वक्तृत्वकला प्रतियोगितामा रश्मिता तिमल्सिना प्रथम भएकी छन् ।

नेकपा एकीकृत समाजवादी निकट अखिल नेपाल राष्ट्रिय विद्यार्थी युनियन मकवानपुरको आयोजनामा भएको वक्तृत्वकला प्रतियोगितामा मकवानपुर बहुमुखी क्याम्पसमा अध्ययनरत् कक्षा-११ की तिमल्सिना प्रथम भएकी हुन् । प्रतियोगितामा वीवीएस प्रथम वर्षका आदित्य लामा द्वितीय र वीवीएस प्रथम वर्षकै स्वस्तिका बोलखे तृतीय भइन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: ३ हजार, २ हजार र १ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगिताको पुरस्कृत हुनेलाई फागुन २ गते समापन कार्यक्रममा पुरस्कार वितरण गरिने अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन मकवानपुरका सदस्य कुशल पराजुलीले जानकारी दिए । १२ जना विद्यार्थी सहभागी रहेको प्रतियोगितामा रामचन्द्र सुवेदी र चीरञ्जीवी लामिछानेले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

वक्तृत्वकला प्रतियोगिता अनेरास्ववियु मकवानपुर बहुमुखी क्याम्पसका अध्यक्ष विश्वास पराजुलीको सभाध्यक्षता तथा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन मकवानपुरका अध्यक्ष अरुण खतिवडाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

# सरकारले बढायो इन्धनको मूल्य

काठमाडौं, २३ माघ/ नेपाल आयल निगमले इन्धनको मूल्य बढाएको छ । सोमबार मध्यराति १२ बजेपछि लागु हुने गरी पेट्रोल र डिजेल/मट्टितिलको साविकको खुद्रा विक्री मूल्यमा प्रतिलिटर ३ रुपैयाँ मूल्य बढाएको हो ।



अब पेट्रोल प्रतिलिटर १७८ रुपैयाँ पुगेको छ भने डिजेल/मटितेलको मूल्य प्रतिलिटर १७५ पुगेको छ । हवाई इन्धन र खाना पकाउने ग्यासको खुद्रा विक्री मूल्य भने हाललाई यथावत् नै राखिएको आयल निगमले जनाएको छ ।

निगमले नेपाल सरकारको ऋण र इण्डियन आयल कर्पोरेसन लिमिटेडलाई फेब्रुअरी २०२२ मा तिर्नुपर्ने बक्यौता १६ अर्व ३० करोड रुपैयाँ रहेको दाबी गरेको छ ।

'इण्डियन आयल कर्पोरेसन लिमिटेडको बक्यौता एवम् सरकारद्वारा उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई अझै चुनौती नै रहेको अवस्था छ,' निगमले विज्ञप्तिमा भनेको छ ।

१६ माघमा प्राप्त नयाँ खरिद मूल्यसूची बमोजिम पेट्रोलमा प्रतिलिटर ८.१ रुपैयाँ, डिजेलमा ७.९८ रुपैयाँ, मटितेलमा ४. ६१ रुपैयाँ र हवाई इन्धनमा ७.८ रुपैयाँ मुल्य बढेर आएकाले मूल्यवृद्धि गर्नुपरेको निगमको स्पष्टीकरण छ ।

पत्रिका नआएमा
फोन नं.: ०५७-५२१११५
साझाकुरा

## राक्सिराङ्ग गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

### करारमा सेवा लिने सम्बन्धी सूचना

*सूचना प्रकाशित मिति: २०७९/१०/२४*

यस गाउँ कार्यपालिकाको कार्यालयको लागि लोक सेवा आयोगबाट स्थायी कर्मचारी सिफारिस भई आएमा वा अन्य कुनै व्यवस्था भएमा स्वत: नरहने गरी यस गाउँ कार्यपालिका अन्तर्गतको निम्न स्वास्थ्य संस्थाको लागि निम्न उल्लेखित कर्मचारी करार सेवामा राख्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिकले यस गाउँपालिकाद्वारा निर्धारित फाराम भरी व्यक्तिगत विवरणसहित आफुले प्राप्त गरेको शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रहरुको एक-एक प्रति छायाँकपि संलग्न राखी यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको स्वास्थ्य शाखामा कार्यालय समयसम्म यस कार्यालयमा राजश्व तिरेको सक्कलै रसिदसहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यवाही हुने छैन । दरखास्त फाराम यस कार्यालयको वेवसाईट www.raksirangmun.gov.np बाट उपलब्ध हुनेछ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | पद संख्या | परीक्षाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०९/०७९/८० | हे.अ. | सहायक पाँचौं | नेपाल स्वास्थ सेवा | १ | अन्तरवार्ता | सम्बन्धीत विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको | ७००/ | गर्लिङ सामुदायिक स्वास्थ्य ईकाई-७ |

१) **सम्पर्क मिति :** म्याद समाप्त भएको भोलिपल्ट ।
२) **अन्तरवार्ता मिति :** सम्पर्क मितिका दिन तोकिनेछ ।
३) **उमेर:** पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ, उमेरको गणना गर्दा दरखास्त दिने अन्तिम मिति सम्मलाई आधार मानिनेछ ।
४) सूचनाको जानकारीको लागि यस कार्यालयको वेवसाईट www.raksirangmun.gov.np मा पनि हेर्न सकिने र कार्यालय समय भित्र यस कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिने छ । माथि उल्लेखित अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टको मिति कायम हुनेछ ।
५) प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्नेछ ।
६) **कार्यक्षेत्र:** यस राक्सिराङ्ग गाउँपालिका अन्तर्गत गर्लिङ सामुदायिक स्वास्थ्य ईकाईमा रहि कामकाज गर्नुपर्नेछ ।
७) स्वास्थ सेवाका उम्मेदवारहरुले नेपाल मेडिकल बोर्डको अनुमति-पत्र पेश गर्नु पर्नेछ ।
८) विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेकाहरुको हकमा नेपाल विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पेश गर्नु पर्नेछ ।
९) तलब, भत्ता सुविधा:मासिकतलब रु. ३०,२००/ महिनाभुक्तान भएपछिपाउनेछ ।
१०) **करार अवधि:** करार सेवा शुरु भएको मितिले बढीमा २०८० असार सम्म हुनेछ, सेवा करार सम्झौताको म्याद समाप्त भए पश्चात आवश्यकताको आधारमा कार्यपालिकाको निर्णयानुसार सम्झौताको म्याद थप हुन सक्नेछ ।
११) **विदा:** आगामी बर्षको लागि सञ्चित नहुने गरी महिनामा एक दिन घर विदा र सार्वजनिक विदा एवं महिलाको लागि प्रसुति विदा पाउने छ, सो बाहेक अन्य कुनै पनि विदा पाउने छैन ।
१२) **दावी नपुग्ने:** दोश्रो पक्षले यस करार बमोजिमकाम गरेको आधारमा पछि कुनैपनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाउने छैन ।

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

स्थान: पल्पसा हल (२८ गते साधारण सभा)
२९ गते (निर्वाचन निर्माण व्यवसायी संघको परिसर)
समय: बिहान ७ बजे बाट

श्याम सुन्दर ढकाल
अध्यक्ष
**निर्माण व्यवसायी संघ, मकवानपुर**
हेटौंडा, मकवानपुर

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**
**अब प्रत्येक दिन**
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौडा सिटी हस्पिटलमा**
तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।
थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:**
९८४५२९०३९१, ९८५५०८५३९१

## फेन्सी पसलको फर्निचर बिक्रीमा

खोपेगल्ली काका भतिज मार्केटको लाफिङ हाउस सँगै चालू अवस्थामा रहेको फेन्सी पसलको फर्निचर सुपथ मूल्यमा बिक्री रहेकोले खरिद गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:** ९८२१८५३११४, ९८५५०७७७७८

## कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*
प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।
**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- इन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।
**हेटौडा मोडेल अस्पताल**
हेटौडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना